जि.प्र.का. द.नं. २७/२०७२/०७३
जि.हु.का.द.नं. ०१/२०७५/०७६
युगको आवश्यकता, खोजमूलक पत्रकारिता

# मालश्री

MALASHREE WEEKLY साप्ताहिक

वर्ष ५, अङ्क ३८ मंगलबार, २० साउन - २०७७ (4 Aug. 2020) मूल्य रू. १५

प्रापक श्री.............................................................

यहाँहरुको जानकारीका लागि

मालश्री साप्ताहिकका हरेक अंकहरु अबदेखि www.janatavoice.com लगइन गरी लेवल मेनुको पत्रपत्रिका लेवल क्लिक गरी PDF पढ्न सक्नुहुनेछ ।

हरेक नयाँ र ताजा समाचारका लागि
www.janatavoice.com

IME International Money Express
Fast, Reliable And Secure Remittance

सजिलै पैसा पठाउन र पाउनका लागि...
पृथ्वीको जुनसुकै कुनाबाट पनि
ime गरौं
प्रथमा मनि ट्रान्सफर

प्रो. सुरेश उदास, मन्थली १, रामेछाप
फोन : ०४८-५४००६१, मो. : ९८५४०४०१८१

# तामाकोसी अस्पताल बन्दैछ उपचार गन्तव्य

मालश्री ब्यूरो, मन्थली



*तस्वीर : नागरिकहरूको मनमा बस्न सफल तामाकोसी अस्पताल, मन्थलीको भवन / गुगल*

तामाकोसी सहकारी अस्पतालले आफ्नो गत आर्थिक वर्ष भित्रको गतिविधिलाई सार्वजनिक गरेको छ । गत वर्ष अर्थात् २०७६ साल साउन १ गतेदेखि २०७७ साल असार मसान्त सम्म तामाकोसी सहकारी अस्पतालमा जम्मा २६ हजार ७ सय ९३ जना बिरामी उपचारका लागि आएका छन् । जसमा नयाँ बिरामीको रूपमा १४ हजार ३ सय ९० जना प्रवेश गरेका थिए भने पुरानै बिरामीहरु भने ८ हजार ३ सय १५ जना प्रवेश गरेको बताइएको छ ।

कुनै पनि रोग लागि आकस्मिक सेवामा समेत यस अस्पतालमा बिरामीहरु आउने गरेका छन् । गत आर्थिक वर्षको सुरूदेखि यस वर्षको असार मसान्तसम्म ४ हजार ८८ जना बिरामीहरु आकस्मिक रूपमा अस्पतालमा आएका थिए । सोही आँकडामा १ हजार ३ सय १३ जना बिरामीहरूले भर्ना भएरै आफ्नो स्वास्थ्य सेवा लिएका थिए ।

उपचारका लागि राजधानी जानुपर्ने अवस्थाबाट नागरिकहरूलाई मुक्ति दिंदै यस अस्पतालले विगतदेखि नै विभिन्न अन्य स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको छ । गत आर्थिक वर्षको तथ्याङ्कलाई हेर्ने हो भने ३ हजार १ सय २५ जना बिरामीहरूले यस अस्पतालबाट अल्ट्रा साउण्ड सेवा लिएको देखिएको छ भने ५ हजार ६ सय ५६ जनाले एक्सरे सेवा लिएका छन् । त्यस्तै इसिजी ६ सय १०, ल्याबसेवा ९ हजार ८ सय ४२, इको १ सय ४७, जिआइ इडोस्कोपी १ सय ५८, प्यापसिमर १ सय १६ र भिआइए टेष्ट ६५ जना यस्ता प्रकृतिका सेवाहरु लिएको तामाकोसी अस्पतालका डाइरेक्टर

बाँकी पृष्ठ ६ मा...



चन्द्र चमेली भोजनालय एण्ड गेष्ट हाउस
यहाँ खाजा, खाना तथा नास्ताको लागि राम्रो व्यवस्था छ। साथै मःम चाउमिन, नानरोटी, तथा विभिन्न स्वादमा माछाका परिकारहरु अर्डर बमोजिम तयार गरिन्छ।
सम्पर्क : ९८०९६२४१३२, ९७४४०३७६९९
सुनकोसी गा.पा. ५, मुलकोट सिन्धुली

'गुणस्तरीय शिक्षा, लिट्टिल स्टार इङ्लिस स्कूलको इच्छा'
मन्थली बजारमा तपाईहरुका नानीबाबुहरुको लागि एक उत्कृष्ट शैक्षिक गन्तव्य
लिट्टिल स्टार इङ्गलिस स्कूल
विगत २२ वर्षदेखि गुणस्तरीय शिक्षामा क्रियाशील ।
पूर्ण पारिवारिक तथा संस्कारयुक्त शिक्षा प्रदान गरिने ।
युवा तथा लगनशील शिक्षक शिक्षिकाद्वारा पढाउने ।
एकाघरका ३ जना विद्यार्थीलाई विशेष छुटको व्यवस्था ।
बालमैत्री र सुविधायुक्त आफ्नै स्कूल बसको व्यवस्था ।
आउनुहोस्, तपाईहरुका नानीबाबुहरुको शैक्षिक भविष्य हामी निर्माण गर्ने निरन्तर प्रयास गर्छौं ।
सम्पर्क : ०४८-५४०२०५

प्रार्थना गर्ने ओठहरु भन्दा सेवा गर्ने हातहरु महान् हुन्छन् ।
शुभ जीवन हस्पिटल प्रा.लि.
खुर्कोट, सिन्धुली । फोन नं. : ९८६९२६५९९८



सिन्धुली जिल्लामा नै पहिलो प्राइभेट हस्पिटल जसमा अत्याधुनिक मेशिनहरु सहित् विभिन्न स्वास्थ्य सम्बन्धी सेवाहरु
महिला सम्बन्धी चेक जाँच, उपचार र अपरेशन सेवा
अपरेशनबाट बच्चा जन्माउने (LSCS) सेवा
मेशिनले तानेर बच्चा जन्माउने सेवा
आङ् खसेका महिलाको उपचार र अपरेशन सेवा
अन्य विविध अत्यावश्यकीय स्वास्थ्य सेवाहरुको लागि सँधै हामीलाई सम्झनुहोस् है ?
डा. अरविन्द यादव
डा. राजन न्यौपाने

R.K CONSTRUCTION
आर.के. कन्ट्रक्शन



प्रो. सजन श्रेष्ठ (राजकुमार)
सम्पर्क : ९८४४०४४४४०, ९८५४०८३४४०
मन्थली, रामेछाप
ढुङ्गा, गिट्टी, बालुवा, घर, घडेरी, बाटो खन्न र सामान ढुवानी गर्नका लागि JCB, ट्याक्टर, टिफर, खानेपानीको लागि ट्याङ्कर आदि चाहिएमा सम्पर्क गर्नुहोला ।

## सम्पादकीय

# नेपाल चीन सम्बन्धका कुरा

नेपाल भौगोलिक क्षेत्रफलमा निकट छिमेकीहरु भारत र चीनभन्दा धेरै सानो भए पनि इतिहासमा कहिल्यै पनि कसैको पराधीन नभएको स्वतन्त्र राष्ट्रको रुपमा पौराणिक कालदेखि नै रहेको पाइन्छ। चीनको आन्तरिक राजनीतिमा उथल पुथल भएर कम्युनिस्ट शासनको एकाधिपत्य हुनुभन्दा पहिलेका तत्कालीन शासक च्याङ्काइसेक जब चीनबाट पलायन भएर फर्मोसामा अर्कै स्वतन्त्र चीनको नाममा ताइवानको स्थापना गरे(जो अहिलेसम्म पनि अस्तित्वमा छ र स्वतन्त्ररुपमा नै आफ्नो बेग्लै अस्तित्वसहित छु भन्ने गरेको छ), त्यसलाई नेपालले कहिल्यै पनि मानेन र संयुक्त राष्ट्रसङ्घमा चीनको अनिवार्य र प्राकृतिक सदस्यताका लागि सधैँ बोलिरह्यो , बोलिरह्यो।

चीन विशाल देश भएकाले संयुक्त राष्ट्रसङ्घमा उसको भिटो अधिकार रहन्छ। मुख्य भूमि चीनको प्रवेश नहुन्जेल चीनको नाममा ताइवानले नै त्यो विशेषाधिकारसहितको निषेधाधिकार( भिटो) प्रयोग गरिरहेको थियो। अहिले पनि संयुक्त राष्ट्रसङ्घमा संयुक्त राज्य अमेरिका, रसियन फेडरेसन, फ्रान्स, बेलायत र चीनले नै त्यो निषेधाधिकार प्रयोग गर्न पाउँछन्।

यिनै पाँच देशहरु नै स्थायीरुपमा संयुक्त राष्ट्रसङ्घमा सुरक्षा परिषदमा रहन्छन्। नेपालले पनि यता मुख्य भूमि चीनसँग दौत्य सम्बन्ध स्थापना गरेपछि नै त्यही सन् १९५५ डिसेम्बरको १४ मा नेपाल पनि संयुक्त राष्ट्रसङ्घमा सदस्य भएको हो। नेपालले आफू त्यहाँ सदस्य भएदेखि नै मुख्य भूमि चीनको संयुक्त राष्ट्रसङ्घमा सदस्यता हुनुपर्ने कुरामा जोड दिइरह्यो, अडान लिइरह्यो।

पहिले नेपालको सम्बन्ध तिब्बतको बाटो हुँदै चीनसम्म पुगेको देखिन्छ। नेपाली कलाकार अरनिकोको कलाले चीनमा प्रख्याती पाएपछि नेपालको महत्व चीनमा बढेको बुझ्न सकिन्छ र आज पनि प्यागोडा शैलीको मन्दिरका रुपमा चीनको राजधानी पेइचिङ्मा नेपाली कलाकार अरनिकोको नाम इज्जतका साथ चिनियाँहरुले लिन्छन्। अतीतमा नेपाली राजकुमारी भृकुटीको विवाह सम्राट स्रङ्चङ् गम्पोसँग भएको र नेपाली बौद्ध सँस्कृतिले चीनमा पहुँच पाएको, चीनहुँदै कोरिया र जापान पुगेको भन्ने पनि मानिन्छ।


## सुनापति बेकरी फूड प्रोडक्ट्

मन्थली न.पा. : १, बसपार्क



यहाँ वर्थ डे, कुनै पनि शुभकार्यका लागि विभिन्न प्रकारका केकहरु तपाईंकै फ्लेवरमा (भेनिला, चकलेट्, पाइनापल, स्ट्रेवरी, ब्ल्याक फरेष्ट, ह्वाइट् फरेष्ट, ब्रेड, दुनोट, क्रिम दुनोट, बर्गर, बन, पफ, कुकिज) लगायतका बेकरी सम्बन्धी आइटमहरु उपलब्ध छ। यहाँहरुको सुविधाको लागि होम डेलिभरीको व्यवस्था पनि रहेको छ। एक पटक हामीलाई सेवा गर्ने मौका अवश्य दिनुहोस् है !

सम्पर्क : हरेराम क्षेत्री ९८४४४४०३१६

## होटल डिउ ड्रप एण्ड लज

मन्थली न.पा. : १, देवकोटाचोक ओरालो सँगै

एटेच रुम रु : ९००/-
नन् एटेच रुम रु : ५००/-
सादा खाना रु : १२०/-
मटन खाना रु : २७०/-
चिकेन खाना रु : २५०/-
लोकल चिकेन खाना रु : ३००/-
लोकल माछा खाना रु : २५०/-
अर्डर अनुसार अन्य परिकारहरु...

हाम्रा सेवाहरु : यहाँ विभिन्न परिकारका स्वास्थ्यवर्धक खानाका परिकारहरुसहित अर्डर बमोजिम अन्य ढिँडो, च्याँख्ला, रोटी, मःमः, चाउमिन सहितको सुविधा छ। साथै कार्यक्रमहरु आयोजना गर्नका लागि सेमिनार हलको समेत व्यवस्था रहेको छ।

सम्पर्क : मेनुका महत, ९८४४२१५१७१

हरपल ग्राहकको सेवामा समर्पित भोजनालय... डिउ ड्रप होटल एण्ड लज

## सुनापति गा.पा.को कार्यालय स्वास्थ्य शाखा, रामेछापको सूचना

चुरोट, बिँडी, र खैनी, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको सेवनले दम, खोकी, फोक्सोको क्यान्सर र मुटुको रोगहरु लाग्दछन्। धुम्रपान त्यागौं। अकाल मृत्युबाट बचौं।

सुनापति गाउँपालिकाको कार्यालय, हिलेदेवी, रामेछाप

काठमाण्डौं देखि मन्थली, मन्थली देखि काठमाण्डौं
सुरक्षित र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् है

## कुशेश्वर यातायात सेवा प्रा.लि.

मन्थली काउण्टर सम्पर्क : ९८५४०४०३३४ राजु श्रेष्ठ
कोटेश्वर काउण्टर सम्पर्क : ९८५४०४०६९९, ९८४९५९३३३८ सागर थापा


दृष्टिकोण

# दलिय अर्कमण्यतामा पिल्सिएको मुलुक



● नारायण पौडेल

यतिबेला मुलुकमा स्पष्ट बहुमत सहितको वाम नेतृत्वको सरकार छ भने देश कोरोना महामारी सँगै आर्थिक हिसाबले निकै दयनीय अवस्थामा पुगिसकेको छ । मुलुकको आर्थिक अवस्थाले देशको दैनिक प्रशासन चलाउन निकै चुनौतीपूर्ण भईरहेको अभिव्यक्ति नेपाल सरकारका अर्थमन्त्रीले दिईरहेका छन् । तथापी केही समय अगाडि आएको बजेट र मौद्रिक नीतिको कार्यान्वयन हेर्न बाँकी छ । मुलुकलाई समृद्ध बनाउने र दोहोरो अंकको आर्थिक वृद्धिदर कायम गने प्रतिबद्धताका साथ गठन भएको वर्तमान ओली नेतृत्वको सरकार प्रारम्भदेखि नै विवादमा तानिरहँदा प्रमुख प्रतिपक्ष नेपाली काँग्रेस समेत मुकदर्शक भएर मौन बसिरहेको छ।

नेकपाभित्रको झगडाको फाइदा उठाउँला भन्दै आफ्नै आन्तरीक किचलोमा फसिरहेको काँग्रेस र अन्य मधेशवादी सहितका साना दलहरुभित्र पनि देखिईरहने विवादहरुको भरपूर उपयोग गर्दै वर्तमान सरकार आफ्ना प्रतिबद्धता, नीति तथा कार्यक्रम र प्राप्त जनादेश विपरीत सुतिरहेको सिंह जस्तो वहाना बनाई अलमल गरिरहेको छ । त्यस्तै शिक्षा, स्वास्थ्य, सुरक्षा, न्यायालय जस्ता प्राथमिक सेवा प्रदायक निकायहरुमा पूर्ण राजनीतिक हस्तक्षेप सहितको आर्थिक अनियमितता भईरहँदा समेत सरोकारवाला निकाय बेखबर देखिन्छ।

पछिल्लो समय राजनीतिक दलहरुले आफ्नो आन्तरीक जीवनलाई प्रभावकारी बनाउने मुख्य माध्यमका रुपमा रहेको महाधिवेशनबाट पार्टीको नयाँ नेतृत्व चयन गर्ने प्रक्रियालाई समेत अनेकौं बहानामा पछाडि धकेल्दै आवधिक नेतृत्व चयन प्रक्रियालाई बन्धक बनाईरहेका छन्। फलस्वरुप पार्टीभित्र आन्तरीक प्रतिस्पर्धा गरी नयाँ नेतृत्व स्थापित हुने बाटो करिब बन्द जस्तै भएको छ। यसरी मुलुकमा कुनैपनि पार्टीभित्र पार्टी अध्यक्षले बोलेपछि त्यो कुरा देश, जनता र पार्टीका नेता तथा कार्यकर्ता सबैले विना शर्त मान्नुपने परिस्थिती खडा गरिँदैछ । जुन संघीयता, गणतन्त्र र धर्मनिरपेक्षताका लागि ठूलो चुनौतीको बिषय हो।

नेपालले औपचारिक रुपमा २००७ सालदेखि लोकतन्त्रको अभ्यास गर्दै आएको भएतापनि विशेषतः राजनीतिक दलहरुभित्र भएको अलोकतान्त्रिक क्रियाकलापकै कारण मुलुकमा पटकपटक प्रजातन्त्र अपहरण हुँदै आएको हाम्रो इतिहास छ । तर त्यो दुःखद इतिहासलाई साक्षी राख्दै त्यसबाट पाठ सिकेर लोकतन्त्र र विधीको शासनलाई बलियो बनाउनुपर्दछ भन्ने चेत नेपालका कुनैपनि नेताहरुमा पलाएन । फलस्वरुप यदि कुनै नेता तथा राजनीतिक दलले राष्ट्रियता, लोकतन्त्र, विधीको शासन, स्वतन्त्र न्यायपालिका लगायतका मूलभूत पक्षहरुमा अडान लिन थाल्यो भने त्यसको आयु छिटै सकिने परिस्थितीबाट मुलुक सञ्चालित हुँदै आएको छ। वर्तमान सरकारको ५ बर्षे कार्यकाल आधा सकिएको छ। तर कार्यकालको ५० प्रतिशत समय व्यतित भईसक्दा समेत वर्तमान सरकारले जनतासँग गरेको प्रतिबद्धताहरु मध्ये १० प्रतिशत प्रतिबद्धता पनि पूरा गर्न सकेको छैन।

तैपनी सरकार सुशासन सहित भ्रष्टाचारमा शुन्य सहनशीलताको नारा घन्काईरहेको छ भने सरकारका मन्त्रीहरुले आर्थिक अनियमितता गरिरहेको समाचार दिनहुँजसो सार्वजनिक भईरहन्छ। तर सरकार प्रमुख ओलीले आफ्नो सरकार भ्रष्टाचारमा नलागेको भन्दै पटकपटक सफाई पेश गरिरहेका छन्। यसरी प्रधानमन्त्रीले आफू र आफ्नो सरकारमा सहभागी मन्त्रीहरुका बिषयमा ढाकछोप गरिरहनुले आर्थिक अपारदर्शितामा शंका गर्न सकिने धेरै ठाउँहरु देखिन्छन्।

सरकार देश र जनताको रक्षाकवच बन्नुपर्दछ, नकि चीलले कुखुराको चल्ला टिपेजस्तै जनतालाई जहिलेपनि झुक्यानमा पारिरहनु हुँदैन । भनिन्छ, जनताले सरकारको मूल्यांकन गर्दछन् र त्यो पनि निर्वाचनको समयमा आफ्नो मत प्रकट गरेर । तर राजनीतिक दल तथा सरकारले जनमतको कदर तथा सदर गने सवालमा कहिल्यैपनि अर्कोपटक जनताले हामीलाई कारवाही गर्न सक्छन् भन्ने आशयमा जनहितका पक्षमा कार्य गर्ने हतारो नै गर्दैन किन ? कि लौहपुरुष गणेशमान सिंहले भने जस्तै नेपाली जनताहरु भेंडा हुन् ? नभए त कम्तीमा पनि आफ्नो स्वास्थ्य र सुरक्षाको प्रत्याभूतिका लागि सरकारलाई दबाब दिन जनताहरु नै सडकमा उत्रिनुपर्ने थियो।

किनकी उनीहरु आपसमा पदीय होडबाजीमा लागिरहेकाले सरकार समेतले जनहितका पक्षमा कामहरु गर्न सकिरहेको छैन । फलस्वरुप प्रधानमन्त्री ओली आफ्नो पद जोगाउन र नेकपाका अध्यक्ष पुष्पकमल दाहाल ओलीलाई सकेसम्म दुवै पदबाट हटाउन नभए एक पदमा सिमित पार्न कम्मर कसेर लागिरहेका छन् । जसलाई नेकपाका वरिष्ठ नेता माधव कुमार नेपालले साथ दिईरहेका छन्।

नेपालकै पुरानो र ठूलो लोकतान्त्रिक पार्टी भएको दाबी गने तर आन्तरीक लोकतन्त्रलाई कहिल्यै पनि मनन नगर्ने काँग्रेस अहिले वैचारिक तथा सांगठनिक शुन्यतामा छ। काँग्रेसको मूल नेतृत्व अहिलेपनि सरकारको सारथी जस्तो भएको छ र पार्टी सभापति शेरबहादुर देउवा आगामी १४ औं महाधिवेशनबाट जसरी भएपनि फेरी सभापति निर्वाचित हुने ध्याउन्नमा मात्रै लागेका छन् । त्यसका लागि उनले आफू इतर समुहमा विभाजन ल्याउने, पार्टीका पुराना नेताहरुलाई कारवाही गर्ने, एकलौटीरुपमा पार्टीका विभाग गठन गर्ने, सरकारका अलोकप्रिय कार्यहरुलाई पनि विरोध नगने, पार्टीभित्र आफ्नो विरुद्धमा बोल्नेहरुलाई पाखा लगाउने लगायतका कार्यहरुमा क्रियाशील भईरहेको देखिन्छ।

जसरी भएपनि फेरी पार्टी सभापति बन्ने दौडधुपमा लागेका देउवाले विगतमा बीपीलाई सिध्याउन मुख्य भूमिका खेलेका पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाका छोरा सुनिल थापालाई पार्टी प्रवेश गराई पदाधिकारी समेत बनाएर आफू बलियो बन्नुका साथै नयाँ पार्टी निर्माण भएको बहाना देखाएर पार्टीको महाधिवेशनलाई ४ बर्ष पछाडि धकेल्ने षडयन्त्र समेत गरिरहेको बताईन्छ। हुनत सभापति देउवालाई पार्टीको नीति तथा कार्यक्रम, विधी तथा विधान कुनैपनि कुराले त्यति धेरै सरोकार राख्दैन । उनको सरोकार यत्तिमात्रै हो कि उनी सँधैभरी पदमा बसिरहन पाउनुपर्दछ र पार्टी तथा संगठन बलियो हुनु र नहुनुले उनलाई खासै प्रभाव नै पार्दैन।

अर्कोतर्फ पार्टीको विधानले नचिन्ने वरिष्ठ नेता रामचन्द्र पौडेल आफ्नो स्वार्थ पूर्तिका लागि सँधै शेर बहादुर देउवासँग टाँसिने र आफ्नो प्रतिकूलका निर्णयहरु आएमा गुनासो मात्रै गरिरहने प्रवृत्तिबाट जगडिएका छन् । साथै निकै सानो चित्त भएका साँघुरो नेताका रुपमा परिचित पौडेल गुटगत राजनीतिमा देउवा जस्ता बलिया छैनन् र उनलाई उनकै गुटभित्र सर्वमान्य नेताका रुपमा अन्य नेताहरुले मान्दैनन् । यस्तो अवस्थामा सँधै विधी र विधानका कुराहरु मात्रै गरिरहने तर त्यसको कार्यान्वयनमा कहिल्यै नलाग्ने पौडेल र शक्तिशाली बनिरहन कुनैपनि कसर बाँकी नराख्ने देउवाको आचरणले काँग्रेसका नेता तथा कार्यकर्ताहरु चिन्तित भएका छन् ।

यस्तो अवस्थामा आसन्न १४ औं महाधिवेशनको संघारमा कतै रामचन्द्र पौडेल शेरबहादुर देउवासँग भावी राष्ट्रपति वा प्रधानमन्त्रीको सम्झौता गरी पार्टी सभापतिमा देउवालाई नै सहयोग गर्ने अवस्थामा पुग्छन् कि भन्ने विश्लेषण पनि गर्न थालिएको छ। यदि यस्तो समिकरण भएमा पनि यसलाई स्वभाविक नै मान्नुपर्ने अवस्था आउला । किनकी आफ्नो गुटमा पौडेल सर्वमान्य छैनन् भने पौडेललाई आफ्नो समुहमा तान्न सक्दा आफ्नो विकल्प अरु हुन सक्दैन भन्ने तथ्य देउवाले राम्रोसँग बुझेका छन्। त्यसमाथि पार्टीभित्र राम्रो पकड नहुनु र स्पष्ट अडान नभएको ढुलमुले नीतिका कारण पौडेल अब पार्टी सभापति बन्न नसक्ने काँग्रेसजनहरुकै विश्लेषण छ।

विगतमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला लगायतका नेताहरुसँग वार्गेनिङ गरेकै आधारमा नेता भएका वर्तमान पहिलो पुस्ताका नेताहरुमा अहिले न कुनै नीति छ, नत भविष्यमा काँग्रेस कस्तो बनाउने भन्ने तयारी नै देखिन्छ। यस्तो अवस्थामा काँग्रेसभित्र रहेका दोस्रो पुस्ताका नेताहरु समेत आगामी महाधिवेशनमा पहिलो पुस्ताका नेताकै फेरो समातेर राजनीतिमा स्थापित हुने दाउमा देखिन्छन् । किनकी अहिले विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालहरुमा काँग्रेसका युवा नेतात्रय गगन थापा, प्रदिप पौडेल र विश्वप्रकाश शर्मालाई बलियो काँग्रेस बनाउन सक्ने हस्तीहरुका रुपमा जसरी चर्चा गरिएको छ, उनीहरुमा समेत काँग्रेस र देश बलियो बनाउने कुनैपनि दिर्घकालिन रणनीति देखिँदैन ।

इमेजखबरबाट

# मातृशिशु कार्यक्रमलाई मन्थली नगरले प्राथमिकता दिंदै

**मालश्री ब्यूरो, मन्थली**

रामेछापको मन्थली नगरपालिकाले विश्व स्तनपान सप्ताहमा विभिन्न सचेतनामुलक कार्यक्रम गरिरहेको जनाएको छ । स्वस्थ र सुन्दर संसार ,स्तनपान एकमात्र आधार भन्ने नारासहित यो वर्ष स्थानीय तह, स्वास्थ्य क्षेत्र, अन्य विभिन्न संघसस्थाहरूले विश्व स्तनपान सप्ताह अर्न्तगत रहेर विभिन्न कार्यक्रम गरेर मनाइरहेको छ ।




हजुरको रेडियो मार्फत प्रसारण भएको कार्यक्रम स्तनपान सप्ताह विशेषमा कुराकानी गर्दै मन्थली नगरपालिका स्वास्थ्य शाखा संयोजक केशव फुयालले महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्यकर्मी र विभिन्न संघसस्था सँग सहकार्य गरेर कार्यक्रम गरिरहेको जानकारी दिनुभएको छ ।

कोरोना भाइरस महामारीको जोखिम कायमै रहेकाले विशेषगरी स्वास्थ्य सस्थामा सेवा लिन आउने सेवाग्राही, आमसञ्चार माध्यम मार्फत, धेरै मान्छे भेला नगरेर स्तनपान सम्बन्धी सचेतनामुलक सन्देश लेखिएको पर्चा,पम्प्लेट टाँस्ने काम गरिरहेको उहाँको भनाइ छ । नगरले योजना तथा कार्यक्रम प्राथमिकीकरण गर्दा मातृशिशु कार्यक्रमलाई प्राथमिकता दिदै आमासुरक्षा कार्यक्रम, परिवार नियोजनको कार्यक्रम, स्तनपान सम्बन्धी जस्तै स्तनपान गराउँदा के फाइदा हुन्छ, स्तनपान कसरी गराउने, के के कुरामा ध्यान दिने भन्ने कुराहरूमा कार्यक्रम गर्दै आएको नगरले जनाएको छ ।

यस्तै कतिपय कार्यालयमा स्तनपान कक्षको स्थापना भइसकेको र आगामी दिनमा बाँकी रहेको कार्यालयहरूमा पनि विभिन्न निकायहरूसँग छलफल गरेर समन्वय गरेर स्थापना गर्ने योजनामा रहेको जनाएको छ ।

मन्थली नगरपालिका
६ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका
१२ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापको अनुरोध
# खाना पकाउनु, तयार गर्नु वा खानु अघि हात धुनुपर्छ।
# चर्पी बनाऔं, चर्पी सफा राखौं र यसको सदैव प्रयोग गरौं।
# वातावरणलाई खुला दिसामुक्त बनाई सरसफाइतर्फ अघि बढौं।
# दिसा गरिसकेपछि वा बच्चाको दिसा धोएपछि साबुन पानीले हात धुने गरौं।
# खानेकुरा र पिउने पानी सदैव सफा राखौं।
# आफ्नो घर आँगन नियमित रुपमा सफा राखौं।



*रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै बुद्धिमानी हो भन्ने बुझौं।*
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछाप

रामेछाप नगरपालिका
१ नं
वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

EST. 2047 (B.S.)
BANESHWOR MULTIPLE CAMPUS
Affilitade to TRIBHUVAN UNIVERSITY
OUR PROGRAMME
MORNING SHIFT: Management, HUMANITIES
DAY SHIFT: SCIENCE, Management, HUMANITIES, Education
EVENING SHIFT: Education (4 year B. ed., 1 year B. ed.), Management (MBS)
CONTACT - 01-4620310, 01-4620332 ( Shantinagar, Baneshwor, KTM
website : www.baneshworcampus.edu.np

मन्थली नगरपालिका
१ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका
२ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका
३ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका
४ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका
५ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका
७ नं वडा कार्यालयको अनुरोध
• घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
• आगमी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
• आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
• वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
• स्थायी संरचना निर्माण गर्दा, ब्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
• सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

**आफ्ना बालबालिकाहरुलाई पढाईको अतिरिक्त खेलकुद, व्यावहारिक ज्ञान, घरायसी सीप आदिको बारेमा पनि जानकारी गराई कुशल नागरिक बनाउनु होस्।**

प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, रामेछाप

(कार्यक्षेत्र : रामेछाप र दोलखा)
बागमती प्रदेश

**प्रथम पटक प्रकाशित मिति : २०७७ साउन २० गते**

यस कृषि ज्ञान केन्द्रको आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना सिंचाई कार्यक्रम (१० वटा मात्र) संचालन हुने भएको हुँदा ईच्छुक कृषक समूह, कृषि सहकारी, निजी फर्म, जल उपभोक्ता समिति आदिका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र(भाद १७ गते) तोकिएको ढाँचामा तपसिलमा उल्लेखित कागजात संलग्नगरि निवेदन पेश गर्नुपर्नेछ।

साना सिंचाई विशेष कार्यक्रमले पहाडमा बढीमा २५ हेक्टर र तराईमा बढीमा २०० हेक्टर सम्ममा सिंचाई हुने गरी बढीमा रु. १ लाख ५० हजार सम्मको अनुदान दिने र उपभोक्ताको तर्फबाट कम्तीमा १५% नगद, जिन्सी वा जनश्रमदान व्यहोर्नु पर्नेछ।

## तपसिल

१) निर्देशिका वा केन्द्रबाट उपलब्ध अनुसूची १ अनुसारको निवेदन, रु. १००।- को राजश्व दाखिला गरेको बैंक भौचर र रु. १० को टिकट।
२) संस्थादर्ता प्रमाण-पत्र, प्यान, नवीकरण, कर चुक्ता प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि, बैठकको निर्णय प्रतिलिपि।
३) सिंचाई आयोजनाको आधारभूत जानकारी/अनुमानित लागत ईष्टिमेट।
४) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि वा सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा अख्तियारी पत्र।
५) सिंचितहुने जमिनको लालपुर्जाको प्रतिलिपि।
६) सम्बन्धित वडा कार्यालयबाट संस्थालाई दोहोरो अनुदान उपलब्ध भए/नभएको उल्लेख गरी कार्यक्रम दिन उपयुक्त हुने समेत व्यहोरा लेखिएको सिफारिश पत्र।

***नोट : निजी फर्मले प्लाष्टिक पोखरीको लागि मात्र आवेदन दिन पाउनेछ।***

***थप जानकारीका लागि***

**कृषि ज्ञान केन्द्र, रामेछाप**
फोन नं. : ०४८-५४०३०८
ईमेल : **akc.ramechhap2075@gmail.com**

२०७७/४/२०
कृषि अर्थ विज्ञ(सातौं तह)

# गत तीन आर्थिक वर्षमा रामेछाप जिल्लाबाट करिब २ सय मानिस हराएकोमा अझै ५१ जना बेपत्ता

**मालश्री ब्यूरो मन्थली**

जिल्ला प्रहरी कार्यालय, रामेछापले रामेछाप जिल्लामा विगत ३ आर्थिक वर्षमा हराएका मानिसहरूको बारेमा जानकारी दिएको छ। गत आर्थिक वर्ष २०७४-७५ देखि अघिल्लो आर्थिक वर्ष २०७६-७७ सम्मको जानकारी सार्वजनिक गरेको हो।

जसमा आर्थिक वर्ष २०७४-०७५ मा जम्मा १ सय जना मानिसहरू यस जिल्लाबाट हराएकोमा महिला ७२ जना, बालक ९ जना र बालिका १९ जना गरी कूल १ सय जना नागरिकहरू हराएका छन्।

त्यस्तै २०७५-०७६ मा महिला ५९, बालक १० र बालिका ३० र आर्थिक वर्ष २०७६-०७७ महिला ५१, बालक १० र बालिका १४ रहेका छन्। त्रिवर्षिय तथ्याङ्कानुसार विगत ३ वर्षमा जेष्ठनागरिकहरू कोही पनि हराएको उजुरी प्राप्त नभएको जिल्ला प्रहरी प्रमुख डिएसपी वसन्त पाठकले जानकारी दिएका छन्।

हराएका सँगसँगै फेला परेका मानिसहरूको समेत तथ्याङ्क समेत जिल्ला प्रहरी कार्यालय, रामेछापले सार्वजनिक गरेको छ। आर्थिक वर्ष २०७४-०७५ मा हराएका १ सय जना हराएका थिए भने महिलाहरू ७२ जना हराएकोमा ६२ जना फेला परेका छन्।

त्यस्तै बालकहरू हराएका जति सबै फेला परेका थिए जुन संख्या ९ थियो। सोही वर्षमा हराएका १९ बालिका मध्ये ३ जना फेला पर्न सकेनन्।

त्यस्तै आर्थिक वर्ष २०७५-७६ मा जिल्लाबाट हराएका ५९ महिला मध्ये ४४ जना फेला परेका छन् १५ जना फेला पर्न सकेनन्। बालकहरू सबै फेला परेका छन् भने बालिकाहरू ३० जना हराएकोमा २७ जना फेला परेका छन्। जिल्ला प्रहरी कार्यालय, रामेछापले सार्वजनिक गरेका हराएका व्यक्तिहरूको त्रिवर्षिय तथ्याङ्कानुसार आर्थिक वर्ष २०७६-०७७ मा हराएका ५१ जना महिलाहरूमध्ये ३६ जना फेला परेका छन्। हराएका १० बालकमध्ये ४ जना फेला पर्न सकेनन् र हराएका १४ बालिकाहरू मध्ये १ जना फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

**मन्थली न.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

धुम्रपानको कारणले अकालमा मर्ने कि धुम्रपान छाडेर निरोगी भएर बाँच्ने ? रोजाई तपाईको। धुम्रपान त्यागौं, निरोगी बनौं।

**मन्थली नगरपालिकाको कार्यालय, मन्थली,रामेछाप**

**खाँडादेवी गा.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

होसियार ! चुरोट, सुर्ती खाएर तपाई त मर्नुहुन्छ। अनि तपाईको सन्तानको पनि बिचल्ली हुन्छ। धुम्रपान त्यागौं, स्वस्थ र सुन्दर भविष्य बनाऔं।

**खाँडादेवी गा.पा.को कार्यालय, माकादुम,रामेछाप**

**उमाकुण्ड गा.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

मदिरापान गर्नाले स्वास्थ्य र आर्थिक अवस्था बिग्रिन्छ। मदिरापान गर्ने पैसाले छोराछोरी पढाउन र बिहान बेलुकाको छाक टार्न सकिन्छ।

**उमाकुण्ड गा.पा.को कार्यालय, प्रिती,रामेछाप**

**दोरम्बा गा.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

धुम्रपान गर्नाले स्वास्थ्य र आर्थिक अवस्था बिग्रिन्छ। मदिरापान गर्ने पैसाले छोराछोरी पढाउन र बिहान बेलुकाको छाक टार्न सकिन्छ।

**दोरम्बा गा.पा.को कार्यालय, टोकरपुर ,रामेछाप**

**लिखु तामाकोसी गा.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

चुरोट, बिंडी, खैनी, गुट्खा जस्ता सुर्तीजन्य पदार्थको सेवनले दम, खोकी, फोक्सोको क्यान्सर र मुटुको रोगहरु लाग्दछन्। सुर्ती सेवन त्यागौं। अकाल मृत्युबाट बचौं।

**लिखु तामाकोसी गा.पा.को कार्यालय, घोबीबजार ,रामेछाप**

**गोकुलगंगा गा.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

रक्सी खाने व्यक्तिलाई आन्द्रा तथा फोक्सोमा घाउ हुने, मुटुको रोग लाग्ने र कलेजोको क्यान्सर हुने धेरै सम्भावना हुन्छ। मदिरापान त्यागौं, परिवारको भविष्य बनाऔं।

**गोकुलगंगा गा.पा.को कार्यालय, रस्नालु ,रामेछाप**

**रामेछाप न.पा., स्वास्थ्य शाखा, रामेछापको अनुरोध**

धुम्रपानको कारणले अकालमा मर्ने कि धुम्रपानबाध्यताभित्रको जिन्दगी बाँच्ने ? रोजाई तपाईको। धुम्रपान त्यागौं, निरोगी बनौं।

**रामेछाप न.पा.को कार्यालय, रामेछाप बजार ,रामेछाप**

# भूकम्प गएको ५ वर्ष पछि पनि अझै राहत पाउने आशामा पीडितहरु

मालश्री ब्यूरो, मन्थली



*तस्वीर : लाभग्राहीमा समाविष्ट हुन लाम लागेका भूकम्प पीडितहरु। मालश्री ब्यूरो*

नेपालमा पछिल्लो पटक भूकम्प गएको पनि आज ५ वर्ष कटिसकेको छ । २०७२ साल बैशाख १२, १३ र २९ गते गएको भूकम्पले रामेछापमा धेरै घरहरू भत्किएका थिए भने सोही अनुपातमा घरहरूमा क्षति पुगेको थियो । पहिलो पटक सोही वर्षका माघ महिनादेखि भूकम्प निर्माण प्राधिकरणको जन्म पछि प्राविधिक (इन्जिनियर) हरूबाट स्थलगत रूपमा क्षतिको लगत संकलन कार्य थालिएको हो ।

तर रामेछाप जिल्लामा करिब १ हजार ४ सय पीडितहरूको न अहिलेसम्म घर बनेको छ, न त उनीहरूले सरकारी तवरबाट आवास पुर्ननिर्माणको लागि पाउनु पर्ने ३ लाख नै पाएका छन् । पटक पटक गरिएको स्थलगत सर्भेक्षणको क्रममा समेत आफूहरू लाभग्राहीको सूचीमा पर्न नसकेको कारणले जिल्लाका धेरै पीडितहरू राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण रामेछाप शाखा मार्फत नेपाल सरकारलाई मुद्धा दायर गर्न मन्थली आइपुगेका छन् ।

मन्थलीको तातो गर्मी, खानु न पिउनु करिब १० दिन देखि यो भिड यस्तै छ राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण (भवन) को यो कार्यालयमा । आफूहरू अझै लाभग्राहीको सूचीमा समावेश हुने आशाले यी पीडितहरू यहाँ उपस्थित भएका हुन् । जिल्लाका सबै पालिकाहरू र भौगोलिक रूपबाट हेर्ने हो भने गुम्देलदेखि गोश्वारा सम्मका नागरिकहरू असिन पसिन भएर यहाँ लाम लाग्न आइपुगेका हुन् । यी लाम लाग्ने भूकम्प पीडितहरूको कुरा अब भूकम्प निर्माण प्राधिकरणको न्यायिक समितिले सुन्ने छ । आफ्नो गुनासो र उजुरी दर्ता गराउनका लागि टाढाटाढादेखि यी पीडितहरू लामबद्ध भएका हुन् ।

मुलुक कोरोना भाइरस (कोभिड १९) का कारणले संकटमा छ । यी पीडितहरूलाई यो नदेखिने समस्याको कुनै चिन्तै छैन, चिन्ता छ त मात्रै आफ्नो घर नहुनुको । आज साउन १५ गते नेपाली समाज खिर खाएर रमाइरहेका बेला यी पीडितहरू आफूले आवास पुर्ननिर्माणको लागि राहत पाएको भन्दै राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण मार्फत नेपाल सरकारलाई मुद्धा हाल्न यहाँ जम्मा भएका छन् । यो भिडले के खायो या खाएन, यो भिडलाई तिर्खा लाग्यो या लागेन, यो भिडलाई मन्थलीको करिब ४० डिग्रीको तापक्रममा कति गर्मी भएको होला ? त्यो न यस कार्यालयले सोध्न सक्छ, न त स्थानीय प्रशासनले नै । धेरै सास्ती खेपेको यी पीडितहरू मध्ये उमाकुण्ड गाउँपालिका बाम्तीका प्रभात बस्नेत भन्छन्, 'विगतमा ४ पटकसम्म गुनासोको लागि आवेदन दिइसकेको छु ।

अहिले पनि उजुरी गर्न यहाँ आइपुगेको छु । हेरौं अब रकम पाइन्छ कि ? अरूले पनि पाएका छैनन् र मैले पनि लाभग्राही बन्न पाउँछु भनेर खासै ठूलो आश गरेको

**मन्थलीको तातो गर्मी, खानु न पिउनु करिब १० दिन देखि यो भिड यस्तै छ राष्ट्रिय पुर्ननिर्माण प्राधिकरण (भवन) को यो कार्यालयमा। आफूहरु अझै लाभग्राहीको सूचीमा समावेश हुने आशाले यी पीडितहरु यहाँ उपस्थित भएका हुन्। जिल्लाका सबै पालिकाहरु र भौगोलिक रुपबाट हेर्ने हो भने गुम्देलदेखि गोश्वारा सम्मका नागरिकहरु असिन पसिन भएर यहाँ लाम लाग्न आइपुगेका हुन्।**

छैन ।' बस्नेत जस्तै लिखु तामाकोसी गाउँपालिका वडा नं. ६ खिम्तीका कृष्ण कडरिया समेत यस्तै पीडाले पीडित भएका छन् । कार्यालयको लाचारीपन र व्यवस्थापनमा गरिएको कमजोरीले यो तातो घाममा आफूहरू लाइनमा बस्न बाध्य भएको कडरिया बताउँछन् ।

दोरम्बाकी संगीता थापा पनि लाभग्राही बन्ने सपना बोकेर सपनाको घर कल्पना गर्दै मन्थली झरेकी छिन् । उनलाई अझै पनि आफू लाभग्राहीको सूचीमा पर्छु भन्ने नलागेको बताउँछिन् ।

मन्थली नगरपालिका वडा नं. १४ काविन्द्रबहादुर खड्का अझै आफू कटेजमा नै बस्न बाध्य भएको र लाभग्राही बनी घर बनाउने आशाले मन्थली झरेको बताउँछन् । इन्जिनीयरहरूले आफूलाई लाभग्राहीको सूचीमा नपारिदिएको हो कि भन्ने उनको शंका रहेको छ ।

यता पुर्ननिर्मार्ण प्राधिकरण भवन रामेछाप शाखाका प्रमुख गणेश अर्याल हिजो २०७३ सालमा नै सही डाटा लिन नसकेको र प्राधिकरणले गरेका केही गल्तीहरूको कारण आज यो समस्या आएको बताउँछन् । उनी भन्छन्, 'पटक पटकको गुनासोमा लाभग्राही बन्न नसकेका भूकम्प पीडितहरू अब कानुनी बाटोमा जाँदै हुनुहुन्छ । कानुनी बाटोबाट गएर मुद्धा जित्नुभो उहाँहरूले यदि भने मात्र उहाँहरू लाभग्राही हुन पाउनु हुनेछ । आज यस्तो समस्या आउनुमा नीतिगत, प्राविधिक, व्यवहारिक र निर्णयगत समस्याहरू रहेका छन् ।

मन्थली नगरपालिका

## ८ नं वडा कार्यालयको अनुरोध

घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।

आगामी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।

आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।

वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।

स्थायी संरचना निर्माण गर्दा, व्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।

सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका

## ९ नं वडा कार्यालयको अनुरोध

- घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
- आगामी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
- आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
- वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
- स्थायी संरचना निर्माण गर्दा, व्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
- सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका

## १० नं वडा कार्यालयको अनुरोध

- घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
- आगामी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
- आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
- वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
- स्थायी संरचना निर्माण गर्दा, व्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
- सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका

## ११ नं वडा कार्यालयको अनुरोध

- घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
- आगामी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
- आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
- वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
- स्थायी संरचना निर्माण गर्दा, व्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
- सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका

## १३ नं वडा कार्यालयको अनुरोध

- घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
- आगामी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
- आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
- वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
- स्थायी संरचना निर्माण गर्दा, व्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
- सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

मन्थली नगरपालिका

## १४ नं वडा कार्यालयको अनुरोध

- घटना घटेको ३५ दिनभित्र जन्म, मृत्यु तथा बसाईसराईको घटना दर्ता गराऔं ।
- आगामी आर्थिक वर्षको अन्त्यमा ७० वर्ष पुग्ने भएपनि जेष्ठ नागरिकहरुले चालु आ.व.को पहिलो चौमासिक भित्रै वडा कार्यालयमा आइ निवेदन दिऔं ।
- आगामी आ.व.को लागि संचालन गरिने योजनाहरु अघिल्लो आ.व.मा नै वडा भेलामा पेश गरौं ।
- वडा कार्यालयमा सेवा लिन जाँदा आफूलाई कस्तो खालको सेवा चाहिएको हो, सो सेवाको बारेमा प्रष्ट खुलाएर आवश्यक कागजातको साथमा रीतपूर्वक निवेदन सहित उपस्थित होऔं ।
- स्थायी संरचना निर्माण गर्दा, व्यवसायिक कारोबार सुरु गर्दा वडाको पूर्व स्वीकृति लिई तथा आवश्यक परामर्श लिई काम सुरु गर्ने गरौं ।
- सुर्ती तथा सुर्तिजन्य सामाग्रीको प्रयोग नगरौं र बिक्री बितरण समेत नगरौं/नगराऔं ।

**तपाईको वरपर घटेका विभिन्न घटनाहरुलाई हामीसम्म जानकारी गराएर सूचनाको तेजलाई अझ मजबुत बनाऔं। त्यसका लागि ९८४१०३६०१५ मा फोन गरौं।**

पृष्ठ १ बाट क्रमस...

# तामाकोसी अस्पताल बन्दैछ उपचार...

डाक्टर सुमन कर्माचार्यले बताएका छन् ।

आजभन्दा २० वर्ष अर्थात् २०५७ सालदेखि स्थापना भएको यस अस्पतालले सो समय भन्दा अघि सामान्य क्लिनिकको रूपमा आफ्नो गतिविधिलाई अगाडि बढिरहेको डाक्टर कर्माचार्य सम्झन्छन् । उनी भन्छन्, 'हामीले आज यो अवस्थामा अस्पताललाई ल्याउन भनेर त्यो बेला संचालन सुरु गरेकै होइन ।

हामीले तामाकोसी सेवा समिति नामक गैरसरकारी संस्थाले गाउँगाउँमा स्वास्थ्य जागरण ल्याउन खोज्दा खोज्दै यो अस्पतालको परिकल्पना भएको हो । हामीले जब गाउँमा गएर जनस्तरमा स्वास्थ्य सम्बन्धी जागरण ल्याउन थाल्यौं, तब जनस्तरको माग अनुसार यो अस्पताल संचालन गर्नु परेको हो ।'

विगतका दिनमा यो अस्पताल समान्य स्वास्थ्य चौकीको अवधारणाले सुरु भएको भएपनि आज यो अस्पताल रामेछाप जिल्ला मात्रै नभएर दोलखा, ओखलढुङ्गा र सिन्धुलीका बिरामीहरूको लागि समेत गन्तव्य बन्ने गरेको छ ।

विशेषरी महिलाहरूको हरेक समस्याका लागि कहलिएका अर्थात् गरिबका डाक्टर भनेर चिनिने डाक्टर सुमन कर्माचार्य र जनस्तरका विभिन्न स्वास्थ्य समस्याका लागि कहलिएका डाक्टर केशव धामी यो अस्पतालका मुटु भनेर चिनिने गरेको यसै अस्पतालबाट सेवा लिने धेरै बिरामीहरु बताउँछन् । बिरामीका लागि डाक्टरले दिने एक मुस्कान र रोगको बारेमा केही थप समयको सोधखोजले नै आधा रोग निको हुन्छ भन्ने मनोबैज्ञानिक सोच यस अस्पतालमा देखिन्छ ।

डाक्टरद्वय कर्माचार्य र धामी यस कार्यालका लागि बिरामीहरूलाई निकै पारिवारिक तवरले माया दिँदै उपचारमा खटिइरहेका देखिन्छन् । कोरोना भाइरस (कोभिड १९) को महामारीले देश लकडाउनमा जाँदा समेत यो अस्पतालले सुरक्षाका विविध उपायहरु अपनाउँदै नागरिकहरूलाई दिनुपर्ने स्वास्थ्य सेवा दिन बाँकी राखेको थिएन । झन कोरोना भाइरसले छिमेकीदेश चीनको वुहान शहर संकटग्रस्त हुनासाथै संयोगले नेपाल छिर्न पाएका डाक्टर केशव धामी आउनासाथ बिरामीले सेवा लिन आउने दर बढेको डाक्टर धामी स्वीकार्छन् । धामी चीनको वुहान शहरमा थप मेडिकल अध्ययनको लागि विगत २ वर्षदेखि अध्ययनरत थिए । थरमा 'धामी' भएपनि उनको उपचार 'छु मन्तर' जस्तै चट्टै हुने मन्थलीका धेरै स्थानीयहरूको विश्वास रहेको छ ।

'वर्षभरिको मुनाफा कति छ अस्पतालको ?' भन्ने मालश्रीको जिज्ञासामा डाइरेक्टर सुमन कर्माचार्य भन्छन्, 'मुनाफा नै ठ्याक्कै कति छ भनेर त मैले भन्न सक्दिन, त्यो पाटो लेखाको हो । तर यस अस्पतालमा रहेका ३२ जना सबै स्तरका कर्मचारीहरूलाई मज्जाले पाल्न पुगेको छ ।'

**आजभन्दा २० वर्ष अर्थात् २०५७ सालदेखि स्थापना भएको यस अस्पतालले सो समय भन्दा अघि सामान्य क्लिनिकको रूपमा आफ्नो गतिविधिलाई अगाडि बढिरहेको डाक्टर कर्माचार्य सम्झन्छन् । उनी भन्छन्, 'हामीले आज यो अवस्थामा अस्पताललाई ल्याउन भनेर त्यो बेला संचालन सुरू गरेकै होइन ।**

अहिले अस्पताल भएको भवन तामाकोसी सेवा समितिको हो । जसले अस्पतालसँग कुनैपनि किसिमको शुल्क घरको प्रयोगबापत नलिएको कर्माचार्य बताउँछन् ।

धेरै भन्दा धेरै बिरामीहरु मन्थली नगरपालिकाकै आउने यस अस्पतालले जिल्लाभरकै नागरिकहरूसँग प्रत्यक्ष जोडिएर सेवा दिइरहेको छ । यसै सन्दर्भमा डाक्टर कर्माचार्य भन्छन्, 'हामीले बिरामी आयो, अब यसलाई उपचार गर्दा पैसा आउँछ भनेर कहिल्यै सोचेनौं । उपचारमा लाग्ने न्यूनतम खर्च त व्यहोर्नै पर्छ । त्यसमा पनि गरिब, असाहय र विपन्नका लागि हाम्रो सहयोग कोषबाट पनि कतिलाई सहुलियत दिइएको छ । हामी बिरामी को आयो भन्दा पनि कस्तो प्रकृतिको बिरामी आइपुग्यो ? उसको रोगको लक्षणले कतै उसको समुदायमा महामारी पो फैलिन लागेको हो कि ? भन्ने आशयले पनि त्यसको खोजखबर गर्ने गर्छौं ।

यदि सामुदायिक रूपमा नै रोगको महामारी फैलिन लागेको हो भने त्यसको लागि पनि हामी फिल्डमा खटिइरहेका हुन्छौं ।' हाल यो अस्पतालमा दैनिक १ सय देखि १ सय ५० जनासम्म बिरामी आउनेगरेको डाक्टर कर्माचार्य बताउँछन् ।


## अनामिका खाद्य उद्योग
मन्थली न.पा. १, मन्थली बजार, रामेछाप



यहाँ लोकल र ताजा विभिन्न खाद्य उत्पादनहरूका साथै तेल, तपाईंको भान्सामा दैनिक प्रयोग हुने मसला लगायतका सामग्रीहरु पाइन्छ। साथै मैदा, तोरीको ताजा तेल, धान, मकै, गहुँ लगायतका अन्नहरुको कुटानी र पिसानी समेत गरिन्छ।

प्रो. श्याम सुवेदी
फोन : ०४८-५४०४०१, मो. ९८५४०४०१११








## लर्ड बुद्ध क्रियटिभ सर्भिसेज प्रा.लि.





कम पैसामा सुन्दर सुरक्षित घर
न ऋणको चिन्ता, न भूकम्पको डर

हाम्रा सेवाहरू :
- इन्टरलकिङ इट्टा उत्पादन र विक्री
- भूकम्प प्रतिरोधी घर निर्माण गर्ने
- इन्जिनियरिङ नक्सा निर्माण गर्ने
- सिकर्मी डकर्मी तालिम दिन सकिने

सम्पर्क : ९८४१२९९१३४ (रवि तामाङ) मूलकोट बजार, सिन्धुली



## NB COTTAGE & BAR
Palewan, Sukajor-7, Ramechhap

- PLAY SNOOKER & POOL
- VERIETY OF BUFF
- BAR SERVICES
- VERIETY OF PORK
- VERIETYOFSOUSAGE
- VERIETY&CHICKEN AS WELL LOCAL BHALE
- VEGTIEMSINCLUDED

Pro & Chef
NARESH KUMAR MAGAR
Mob. 9844286990



## साङ्गेल गेष्टहाउस एण्ड रेष्टुरेण्ट





हामीकहाँ लोकल भाले, लोकल खसीको मासु, मकैको च्याँख्ला, सिस्नु र कोदोको ढिँडो साथै अर्डर अनुसार सबै किसिमका खाना/खाजाका परिकारहरू पनि पाइन्छ / आरमदायी गेष्ट रूमको समेत व्यवस्था छ /

सम्पर्क : लालबहादुर तामाङ रामेछाप न.पा. ७, भालुखोपडाँडा
मोवाइल : ९८५४०४३०८०
तपाईंको सेवामा सदैव समर्पित...


मालश्री साप्ताहिकका लागि : संरक्षक : धनलाल योञ्जन, सम्पादक/प्रकाशक : प्रकाश न्यौपाने, प्रवन्ध निर्देशक : निराजन खत्री, संवाददाता : सबिना कार्की, संचार संयोजक : युवराज श्रेष्ठ, सम्पर्क नं. : ०४८-५४०३४५, मोबाइल नं. : ९८४१०३६०१५, इमेल : malashree2072@gmail.com, कार्यालय : जिल्ला मालपोत कार्यालय अगाडि, मन्थली न.पा. वडा नं. १ रामेछाप, मुद्रण : रा.एस.पी प्रिन्टिङ् प्रेस, काठमाडौं ।